बैठक संख्या:

श्री:

आज मिति २०७८ साल भाद्र ११ गते दिनको २:०० बजे प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

उपस्थिति

| क्र.सं | दस्तखत | नाम थर | | पद |
|---|---|---|---|---|
| १. | | श्री: धीरज शर्मा बस्याल | प्रमुख | प्रमुख |
| २. | | श्री: मायादेवी पौडेल | उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री: मोतिलाल सुनार | वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्री: दया दर्लामी | वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने | वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्री: रविन्द्रविक्रम हमाल | वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्री: रेश्मीराज भट्टराई | वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्री: रोहीत थारु | वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्री: ध्रुव थारु | वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्री: कविराज आचार्य | वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्री: चन्द्रकान्त चापागाई | वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्री: राजु मिश्र | वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्री: तीर्थराज फौज्दार | वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्री: मानबहादुर मल्ल | वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १५. | | श्री: नर बहादुर चौधरी | वडाध्यक्ष, वडा नं. १३ | सदस्य |

| | | | |
|---|---|---|---|
| १६. | | श्री: केशवबहादुर खत्री क्षेत्री वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्री: बलबहादुर बलाल वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १८. | | श्री: सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्री: ईशा सुनार | सदस्य |
| २०. | | श्री: अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्री: बुद्धिमाया सुनार, | सदस्य |
| २३. | | श्री: प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्री: वेचन प्रसाद ठाकुर (॥हजाम) | सदस्य |
| २५. | | श्री: लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्री: लुकुडी चमार | सदस्य |
| २७. | | श्री: मेघ नाथ पाध्या | सचिव |
| | | व्यवस्थापन टोली | |
| २८. | | श्री इन्द्रवहादुर कुँवर | उपसचिव प्रा. |
| २९. | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| ३०. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३१. | | श्री गोपाल चौधरी | सूचना प्रविधि अधिकृत |
| ३२. | | कृष्ण वहादुर थापा क्षेत्री | सहायक पाँचौ |
| ३३. | | ई. शारदा भट्टराई | प्राविधिक |
| ३४. | | ई. शान्ति गुरुङ, | प्राविधिक |
| ३५ | | म.वि.वि. अप्सरा सुवेदी | म.बा.त.स.क.सहा. |
| ३६ | | रोशनी घर्ती मगर | प्राविधिक [illegible] |
| ३७. | | १४ टेम पितम्बर स्यापकोटा, | व.न.पा. वडाध्यक्ष नं.७ |

प्रस्तावहरू :

(१) बर्दघाट नगरपालिकाको विपद(प्रकोप) व्यवास्थापन कोष सञ्चालन कार्यविधि, २०७८

(२) बर्दघाट नगरपालिकाको आर्थिक सहायता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८

(३ बर्दघाट नगरपालिकाको मर्मत सम्हार कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७८

(४) बर्दघाट नगरपालिकाको खानेपानी उपभोक्ता संस्था एवं सिंचाई कूलो उपभोक्ता समिति दर्ता कार्यविधि, २०७८

(५) सुखौरा खोलाको IEE स्वीकृति

(६) बहुक्षेत्रिय पोषण योजनाको कार्यक्रम स्वीकृत सम्बन्धमा

(७) कक्षा थप अनुमति सम्बन्धमा

(८) खोला ठेक्का लगाउने सम्बन्धमा

(९) पाडा बजार, कवाडी कर र विज्ञापन करको ठेक्का प्रक्रिया सम्बन्धमा

(१०) विविध

(क) कानुनी सल्लाहकारको निरन्तरता सम्बन्धमा

(ख) गत वर्षको आम्दानी खर्च सार्वजनिक सम्बन्धमा

(ग) भूक्तानी बाँकी योजना र म्याद थप भएका तथा अधुरा योजनाको जानकारी सम्बन्धमा

(घ) नगर दर रेट सम्बन्धमा

(ङ) (इस्कोन नेपाल) ले भौतिक संरचना लगायत भवन निर्माणको लागि जग्गा माग गरेको सम्बन्धमा

(च) लायन्स क्लव अफ नवलपरासी दाउन्नेले जग्गा माग गरेको सम्बन्धमा

(छ) सडक यातायात गुरूयोजना सम्बन्धमा

(ज) घर अभिलेखिकरण सम्बन्धमा

(झ) राष्ट्रिय परिचयपत्र सम्बन्धमा

(ञ) विपद् व्यवस्थापन सम्बन्धमा

(ट) जर्मनी भ्रमण सम्बन्धमा

(ठ) घर वहाल सम्बन्धमा

**निर्णयहरुः**

**नि.नं १ः**

**बर्दघाट** नगरपालिकाको **विपद(प्रकोप) व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो**

**नि.नं २ः**

**बर्दघाट** नगरपालिकाको **आर्थिक सहायता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो**

**नि.नं ३ः**

**बर्दघाट** नगरपालिकाको **मर्मत सम्हार कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो**

**नि.नं ४ः**

**बर्दघाट** नगरपालिकाको **खानेपानी उपभोक्ता संस्था एवं सिंचाई कूलो उपभोक्ता समिति दर्ता कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।**

**नि.नं ५ः परामर्शदार्त संस्था म्याग्नेटा सोलुसन्स प्रा.लि बाट तयार भएको यस नगरपालिका वडा नं २ र १० अन्तरगत पर्ने सुखौरा खोलको IEE स्वीकृत गर्ने निर्णय गरियो.**

**नि.नं ६ः**

**वहुक्षेत्रिय पोषण योजना कार्यान्वयन गर्ने सन्दर्भमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट चालु आ.व.मा प्राप्त अख्तियारी बमोजिम रू ३२,००,०००।०० र समपुरक कोष तर्फबाट रू ५,५१,०००।०० समेत गरी जम्मा रू ३७,५१,०००।०० को वहुक्षेत्रिय पोषण निर्देशन समितिबाट सिफारिस भै आए बमोजिमको तपसिल बमोजिमको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।**

**तपसिलः**

बार्षिक बजेट रु.३२,००,००० केन्द्रंबाट र नगरबाट समपुरक
रु ५,५१,०००।०० समेत गरी कूल ३७,५१,०००।००

| सि. नं. | मुख्य क्रियाकलाप | इकाई | लक्ष | प्रति इकाई बजेट | जम्मा बजेट |
|---|---|---|---|---|---|
| १ | **नीति, योजना तथा स्थानीय विकास** | | | | |
| १ | नगर स्तरीय वहुक्षेत्रिय पोषण समितिको नियमित वैठक सञ्चालन गर्ने (कार्यदल समेत) | पटक | २ | ३५००० | ७०००० |
| २ | वहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गर्न सामाजिक परिचालकको पारिश्रमिक | पटक | १२ | २२००० | २६४००० |
| ३ | बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको नियमित रूपमा संयुक्त अनुगमन गर्ने | पटक | १ | ३०००० | ३०००० |
| ४ | वडा समितिका पदाधिकारी, वहुक्षेत्रिय पोषण योजना वडा स्तरिय समिति, महिला स्वास्थ्य स्वयंसेविक, आमा समूह तथा अन्य उपभोक्ता समूहलाई पोषणको क्षेत्रमा परिचालन गर्न १ दिने तालिम दिने | पटक | १६ | ३५००० | ५६०००० |
| | जम्मा | | | | ९२४००० |
| २ | **पशुपन्छी विकास क्षेत्र** | | | | |
| २ | कुखुराको चल्ला ढुवानी, भ्याक्सिन तथा औषधी खर्च | पटक | १ | ५०००० | ५०००० |
| ३ | कुखुराको चल्ला वितरण (२४० परिवारलाई ५ वटा चल्लाको दरले) | सँखया | | ३००००० | ३००००० |
| | जम्मा | | | | ३५०००० |
| ३ | **महिला, बालबालिका तथा समाज कल्याण क्षेत्र** | | | | |
| १ | लैगिक तथा घरेलु हिँशा निवारण तथा सुनौलो हजार दिनको विषयमा श्रीमान श्रीमति तथा सासुवुहारी अन्तरक्रिया कार्यक्रम | पटक | ५ | ३५००० | १७५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सुनौला हजार दिनका महिला तथा किशोरीहरुलाई प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व, महिनावारी तथा अन्य जीवन उपयोगी सीप र लैंगिक समता सम्बन्धी अनुशिक्षण तालिम | पटक | ८ | ३५००० | २८०००० |
| | जम्मा | | | | ४५५००० |
| ४ | **कृषि विकास क्षेत्र** | | | | |
| १ | करेसाबारी निर्माण गर्न घरपविारलाई प्रोत्साहन गर्ने | परिवार | ३०० | ३०० | ९०००० |
| २ | व्यावसायीक तरकारी उत्पादनमा सुनौला हजार दिनका महिलालाई प्रोत्साहन गर्नको लागि जैविक विसादी वनाउने तालिम र स्प्रे ट्याङ्की वितरण | स्थान | | | १६०००० |
| | जम्मा | | | | २५०००० |
| ५ | **शिक्षा क्षेत्र** | | | | |
| १ | बाल विकास केन्द्रका स.का. तगा प्राथमिक तहका शिक्षकहरुका लागि पुनर्ताजगी तालिम | विद्यालय | ३३ | | ३००००० |
| | | | | | |
| ६ | **श्वास्थ्य क्षेत्र** | | | | |
| १ | गर्भवति, सुत्केरी, स्तनपान गराइरहेको महिला तथा शिसुलाई दैनिका आहारमा विविध पोषण वारे व्यवहार परिवर्तन सम्बन्धी अभिमुखीकरण | स्थान | १० | ३५००० | ३५०००० |
| २ | किशोर तथा किसोरीहरुको लागि Early Marriage, Early Pregency रोकथाम । सम्बन्धी अभिमुखीकरण | स्थान | ६ | ३५००० | २१०००० |
| | जम्मा | | | | ५६०००० |
| ७ | **खानेपानी तथा सरसफाइ क्षेत्र** | | | | |
| १ | पोषण सुधारको लागि विद्यालयमा सुरक्षिता पिउने पानीको व्यवस्थापन | वटा | ३५ | ८००० | २८०००० |
| | | | | | |
| ८ | पोषण विशेष कार्यक्रम (स्वास्थ्य क्षेत्र सञ्चालन) | | | | ३००००० |
| ९ | पोषण सुधारको लागि विपन्न समूदायका महिला समुदायका महिला वा सहकारीहरुलाई विपन्न सदस्यहरुको आय आर्जत्त सुधार कार्यक्रम गर्न अनुदान | | | | ५८२००० |
| | कूल जम्मा | | | | ३७५१००० |

नि.नं ७ः

**मिति ०७८/४/१५ को नगर शिक्षा समितिको वैठकबाट देहायका विद्यालयहरूको कक्षा थप तथा विद्यालय सञ्चालनका लागि अनुमति प्रदान गर्ने निर्णय भएकोले उक्त निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।**

| क्रस | विद्यालयको नाम | थप गरेको कक्षा | कैफियत |
|---|---|---|---|
| १ | नवदिव्यज्योति प्राथमिक (आधारभूत) विद्यालय, बर्दघाट ४ | ६ | २०७८ देखि |
| २ | अनावारुल ओलुम मदरसा, बर्दघाट १६ | २ | २०७८ देखि |
| ३ | स्टेप वाइ स्टेप एकाडेमी, बर्दघाट ४ | ३ | २०७८ देखि |
| ४ | मदरसा अरविया अहले सुन्नत कमरुल उलुम बर्दघाट १३ | १ | २०७८ देखि<br>नयाँ मदरसा |

नि.नं ८ः

यस नगरपालिका अन्तरगत रहेका खजुरा खोला वडा नं ५, १४ र १६, गंगटी खोला वडा नं २ र सुखौरा खोला वडा नं २ र १० का विभिन्न स्थानबाट नदिजन्य पदार्थ (ढुँगा, गिट्टी, वालुवा उत्खनन्) गर्ने सन्दर्भमा

प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को समायावधि चालु वर्षको लागि कायम रहेको हुँदा तत्काल विद्युतिय वोलपत्र मार्फत ठेक्का प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

नि.नं ९ः

वडा नं १३ मा रहेको पाडा बजार, हाटबजार, कवाडी कर तथा विज्ञापन करको राजश्व परामर्श समितिको परामर्शमा न्युनतम कवोल अंक कायम गरी विद्युतिय वोलपत्र मार्फत ठेक्का प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

विविध :

१० (क)ः

नगरपालिकाको कानुनी कामकाज, न्यायीक समितिको काम तथा अन्य कानुनी राय सल्लाह तथा काम काजका लागि गत आ.व. देखी नै कामकाज गर्दै आउनु भएका अधिवक्ता श्री रमेश पौडेललाई यस आ.व. ०७८/०७९ का लागि समेत निरन्तरता दिने निर्णय गरियो ।

१० (ख)ः

गत आ.व. ०७७/०७८ को कूल बजेट रू १,०४,५८,२४,८४० मध्ये रू ८६,३९,११,०४१ खर्च भै समग्रमा ८२.६ प्रतिशत वित्तिय प्रगति भएको जस अन्तरगत चालु खर्च तर्फ जम्मा बजेट रू ४८,०८,११,०६३।०० मध्ये जम्मा रू ४१,७१,१८,४३७।०० खर्च भै ८६.७५ प्रतिशत वित्तिय प्रगती हासिल भएको र पूंजिगत तर्फ रू ५६,५०,१३,७७७।०० मध्ये जम्मा रू ४४,६७,९२,६०४।०० अर्थात ७९.०८ प्रतिशत वित्तिय प्रगति भएको व्यहोरा जानकारी गराईयो ।

१० (ग)ः

आठां नगरसभाको निर्णय अनुसार आर्थिक वर्षको अन्त्य सम्म अधुरा रहेका तथा म्याद थप भै चालु आ.व.मा कार्यान्वयन हुने देहाय बमोजिमका योजनाको जानकारी गराइयो साथै र ०७८/३/३१ गते राती १२:०० बजे देखी सूत्र सफ्टवेयर बन्द भएको कारण भूक्तानी वाँकी रहेको तपसिलको योजनाको सन्दर्भमा भूक्तानी वाँकी योजना शिर्षक अन्तरगत विनियोजित रकम मध्येबाट भूक्तानी दिने निर्णय गरियो ।

म्याद थप भएका तथा अधुरा योजनाको विवरण

| क्र.स. | योजनाको नाम | योजना स्थल | विनियोजित रकम |
|---|---|---|---|
| १ | चिसापानी शिवालय पराजुली चोक हुँदै वुटाहाताल गौडाहा सडक, | वडा न. २ र ११ | १,७००,०००।०० |
| २ | वडा नं १ को कार्यालयय देखी पूर्व वेलहानी साइडवाल सहित बाटो स्तरिकरण एवं भटौलिया बाट लगुनाहा जोड्ने सडक स्तरिकरण , वडा नं १२ | वडा नं १२ | १,५००,०००।०० |
| ३ | कृषि उपज संकलन केन्द्र (अधुरो) | वडा न. २ र ४ | २,०००,०००।०० |
| ४ | खानेपानी ट्याङ्की देखी पूर्व जमुनिया सडक सम्म कालोपत्रे , वडा नं १३ | वडा नं १३ | २,३००,०००।०० |
| ५ | वेतहानी शिवमन्दिर प्रगतिचोक त्रिवेणी सडक (आत्रेय चोक) कालोपत्रे | वडा नं ६ | १,२००,०००।०० |

| | | | |
|---|---|---|---|
| ६ | जीतपुर बाटो धौलागिरी चोक देखी हेल्थपोष्ट , मिलन चोक शिवालय मन्दिर देखी वडा नं ६ बाटो कालोपत्रे | वडा नं ५ | १,३००,०००।०० |
| ७ | मदरशा अगाडीको बाटो तथा आदर्श टोलका शाखा सडक कालोपत्रे | वडा न. ४ | ६८०,०००।०० |
| ८ | नाला सहित बाटो कालोपत्रे भगजौनी स्कूल क्षेत्र | वडा न. ११ | ७००,०००।०० |
| ९ | पुष्पलाल चोकदेखी वडा न. १६ हुंदै वरुवा सडक कालोपत्रे | वडा न. १४ र १६ | १,१५०,०००।०० |
| १० | पनही भित्री सडक कालोपत्रे | वडा न. १३ | ५५०,०००।०० |
| ११ | संसारकोट भ्यू टावर निर्माण (अधुरो) | वडा न. २ | २,०००,०००।०० |
| १२ | नगरपालिका भित्र इन्टरलकिङ्ग ब्लक निर्माण | नगरपालिका | ६००,०००।०० |
| १३ | दविल्ला गांउ हुंदै सडक कालोपत्रे | नगरपालिका | ५००,०००।०० |
| १४ | खुला व्यायाम केन्द्र निर्माण, | नगरपालिका | १,९००,०००।०० |
| १५ | घण्टाघर निर्माण, बर्दघाट ४ | नगरपालिका | ५,१००,०००।०० |
| १६ | आइसोलेशन सेन्टर, चिसापानी | नगरपालिका | ३,७००,०००।०० |
| १७ | गंगावस्ती विजयनगर धर्मवस्ती वाटो ग्राभेल | वडा न. १४ र १६ | ७००,०००।०० |
| १८ | लोकमार्ग देखी दिव्यनगर सडक कालोपत्रे, वडा नं ४ र अमरदिप टोल देखी आम्वास सडक वडा नं १० | वडा न. ४ र १० | १,६००,०००।०० |
| १९ | ट्रेल ब्रिजको सामाग्री खरिद | नगरपालिका | ३,६००,०००।०० |
| २० | औद्योगिक क्षेत्रको कम्पाउण्ड वाल निर्माण | नगरपालिका | ००।०० |
| २१ | लेवडा साइकल चोक देखी जमुनिया हुलाकी बाटो कालोपत्रे वडा नं १३ | वडा नं १३ | १,४००,०००।०० |
| २२ | पुष्पलाल चोकदेखी वडा न. १६ हुंदै वरुवा सडक कालोपत्रे | वडा न. १४ र १६ | ७५०,०००।०० |
| २३ | लण्डन ब्रिज देखी अलावल गांउ जाने वाटो स्तरिकरणएवं सूर्यपुरा गांउ सम्म वाटो कालोपत्रे, वडा नं १० र ८ | वडा नं १० र ८ | ५३०,०००।०० |
| २४ | पाल्डाडा हेल्थपोष्ट देखी रेवती गोमाता स्कूल हुंदै कञ्चनगढी , वडा नं ५ | वडा नं ५ | १,३००,०००।०० |

| | | | |
|---|---|---|---|
| | | | ८५०,०००।०० |
| २५ | खानेपानी ट्याँी देखी पूर्व जमुनिया सडक सम्म कालोपत्रे . | वडा न. १३ | |
| २६ | नाला सहित बाटो कालोपत्रे लक्ष्मिनगरटोल | वडा नं ४ | १,७००,०००।०० |
| २७ | वेतहानी शिवमन्दिर प्रगतिचोक त्रिवेणी चोक थप कार्य वडा नं ६ | वडा नं ६ | ८००,०००।०० |
| २८ | देडुवाखोला देखी वडाकार्यालय र वण्डाखोला देखी उत्तर बाटो कालोपत्रे (थप कार्य ). वडा नं ५ | वडा नं ५ | ८५०,०००।०० |
| २९ | जीतपुर बाटो धौलागिरी चोक देखी हेल्थपोष्ट , मिलन चोक शिवालय मन्दिर देखी वडा नं ६ बाटो कालोपत्रे थप कार्य | वडा नं ६ | ९००,०००।०० |
| ३० | ड्राइभिङ्ग तीलम | | १,८५०,०००।०० |
| ३१ | चिसापानी अस्पतालको DPR तयार | | १,५००,०००।०० |
| ३२ | ध्रुवटोल अल्हावलको पानी टँकी देखी मौराहाटाँडि विद्यालय पूर्व हुँदै भगजोगनी सडक कालोपत्रे कार्य (अधुरो) | | ४,०००,०००।०० |
| ३३ | स्वास्थ्य चौकी भवन निर्माण (अधुरो) | | ७,०००,०००।०० |
| ३४ | भूक्तानी वाँकी योजना | | ३,७९०,०००।०० |
| | | | ६०,०००,०००।०० |

| भूक्तानी वांकी योजनाहरूको विवरण ०७७/०७८ | | |
|---|---|---|
| क्र.स | योजनाको नाम | भूक्तानी गर्नुपर्ने रकम |
| १ | इश्वरी प्रसाद उपाध्यायको घर देखी दक्षिण पूर्व तर्फ नाला सहित बाटो स्तरोन्नती | ५,६४,७२० |

नि.नं १०(घ):

चालु आ.व. ०७७/७८ को लागि जिल्ला दर रेट निर्धारण समिति नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) बाट तयार भएको दर रेटलाई संसोधन सहित स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

नि.नं १०(ङ)

यस नगरपालिका वडा नं ८ मा अवस्थित श्री हरि भजन दास संरक्षक रहेको कित्ता नं १६० को ०-१२-१८ क्षेत्रफलमा रहेको जग्गा र कित्ता नं १६१ को ०-१५-५ क्षेत्रफलमा रहेको जग्गा मध्येको ०-१८-० जग्गा र सो जग्गा संगै रहेको प्रति जग्गाको संरक्षक श्री हरि भजन दासको मृत्यू भैसकेको हुँदा सो जग्गामा श्री नेपाल अन्तराष्ट्रिय कृष्ण भावनामृत संघ (इस्कोन नेपाल) ले भौतिक संरचना लगायत भवन निर्माणको लागि निवेदन माग गरेको हुँदा सो संस्थाले सो मन्दिर क्षेत्रमा भवन निर्माण तथा अन्य संरचना बनाउने सम्बन्धमा के -कसरी

बनाउन लागेको हो ? सोको गूरूयोजना एवं निर्माण गरिने पूर्वाधार संरचनाको विस्तृत परियोजना प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो ।

नि.नं १०(च)

लायन्स क्लव अफ नवलपरासी दाउन्नेले यस बर्दघाट क्षेत्रमा दाँतको व्यवस्थित अस्पताल सञ्चालनको लागि आवश्यक जग्गा उपलब्ध गराइदिनको लागि निवेदन माग भएको हुँदा यस नगरपालिका क्षेत्रमा उपलब्ध गराउन सकिने जग्गा वडा कार्यालय मार्फत आगामी वैठकमा पेश गर्ने निर्णय गरियो ।

नि.नं १० (छ)

स्वीकृत नगर यातायात गूरूयोजना बमोजिमका नगरपालिकाको सडकहरूको सडक अधिकार क्षेत्रको कार्यान्वयनको सम्बन्धमा स्थानीय स्तरमा कुनै गुनासो एवं विवाद भएमा सम्बन्धित वडा कार्यालय मार्फत सोको विवरण यस कार्यालयमा पठाउने निर्णय गरियो ।

नि.नं १०(ज)

यस नगरपालिकाभित्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम भैरहेको नक्सा पास तथा आठौं नगरसभाको निर्णय अनुसार घर अभिलेखिकरण गर्ने कार्य भैरहेको सन्दर्भमा आइपरेको समस्याहरूलाई देहायअनुसार सहजिकरण गर्ने निर्णय गरियो ।

- इजाजत पत्र लिई घर नक्सा पास प्रक्रिया अगाडी वढाएको तर २ वर्ष सम्म पनि घर सम्पन्न नगरेको र सो समयमा म्याद थप पनि नगरेको भवनहरूको हकमा अभिलेखिकरणको लागि तोकिएको सबै प्रक्रिया र राजश्व लिई अभिलेख प्रमाणपत्र जारी गर्ने
- इजाजत पत्र लिई घर नक्सा पास प्रक्रिया अगाडी वढाएको तर भवन मापदण्ड पुरा नभएका घरहरूको हकमा अभिलेखिकरणको लागि तोकिएको सबै प्रक्रिया र राजश्व लिई अभिलेख प्रमाणपत्र जारी गर्ने
- घर अभिलेखिकरणको कार्यमा आएका केही घरहरूको छज्जा सडक क्षेत्र (existing Road) भित्र परेको खण्डमा सम्पत्ति कर वुझाएको अभिलेखमा घर कायम भएको सन्दर्भमा सोही व्यहोराको कैफियत उल्लेख गरी तथा कवुलियतनामा गराई लालपुर्जामा उल्लेखित क्षेत्रफलको मात्र मूल्याँकन हुने गरी अभिलेख प्रमाणपत्र जारी गर्ने
- घर अभिलेखिकरणको कार्यमा आएका केही घरहरूको घरको १० प्रतिशत सम्मको क्षेत्रफल ऐलानी जग्गामा परेको खण्डमा सम्पत्ति कर वुझाएको अभिलेखमा घर कायम भएको सन्दर्भमा सोही व्यहोराको कैफियत उल्लेख गरी तथा कवुलियतनामा गराई लालपुर्जामा उल्लेखित क्षेत्रफलको मात्र मूल्याँकन हुने गरी अभिलेख प्रमाणपत्र जारी गर्ने
- 'ख' वर्गाका घरहरूको नयाँ घर नक्सा पासको हकमा केही कम्पनीहरूले सम्बन्धित इञ्जिनियरको डिजिटल हस्ताक्षर प्रयोग गर्ने गरेको सन्दर्भमा सो हस्ताक्षरको आधिकारिकता एकिन गर्न वर्षको १ पटक स्वयम इञ्जिनियर उपस्थित भै आवश्यक कागजात र निवेदन पेश गरे पश्चात मात्र कार्य अगाडी वढाउने
- वडा वाट १५ दिने सूचना टाँस गरेपश्चात हुने सर्जमिन मुचुल्कामाको तामेली तथा रोहवर खण्डमा वडा सचिव तथा सम्बन्धित वडाका पदाधिकारी हरूले अनिवार्य हस्ताक्षर गर्नुपर्ने

नि.नं १०(झ)

राष्ट्रिय पञ्जीकरण विभागको सहजिकरणमा यस नगरपालिका भित्र वडा स्तरमा राष्ट्रिय परिचय पत्र बनाउने कार्य भैरहेको सन्दर्भमा उक्त अभियानमा नागरिकता प्राप्त गरेका सबै व्यक्तिहरूलाई सहभागि गराउने आवश्यक सहजिकरण गर्ने निर्णय गरियो ।

नि.नं १०(ञ):

यस वर्षको मनसुनको कारण भैरहेको अविरल वर्षाको कारण भएको डुवान र कटानबाट विभिन्न वडाहरूमा भएको जनधनको क्षेतिको विवरण यथाशिघ्र संकलन गरी आवश्यक राहत वितरण प्रक्रिया अगाडी वढाउने र

वाढीको कारण नगरवासीहरूको अन्नवाली, जग्गाजमिन तथा पशुचौपायाँमा भएको क्षति प्रति दुःख व्यक्त गर्ने निर्णय गरियो ।

नि.नं १०(ट):

यस नगरपालिका संग एस.एन.यू.कन्सट्रक्सन प्रा.लि. ललितपुरको १० मे.वाको .सोलर इलेक्ट्रिसिटी प्लान्ट आयोजनाको सम्बन्धमा सम्झौता भैसकेको र सो कम्पनीले नेपाल सरकार र यस नगरपालिकालाई कुनै आर्थिक भार नपर्ने गरी J.V.G Technology Germany Visit को लागि नगर प्रमुख श्री धीरज शर्मा बस्याल र प्रमुख प्रशासकिय अधिकृत श्री मेघनाथ पाध्यालाई निमन्त्रणमा गरेको व्यहोरा जानकारी गराइयो ।

नि.नं १०(ठ)

चालु आर्थिक वर्षको लागि यस नगरपालिकाको कार्यालय प्रयोजनको लागि दिल वहादुर गुरूङ, वर्दघाट- ४ र शालिकराम पाण्डे बर्दघाट- ४ र कार्यालय विच भएको घर वहाल सम्झौता अनुमोदन गरियो

नि.नं १० (ड) साविक पञ्चनगर गा.वि.स. वडा नं २ हाल यस नगरपालिका वडा नं ९ को कि.नं १८८ को क्षेत्रफल १-१०-० जग्गामा रहेको विभिन्न १३ बटा संघ संस्थाहरूले निर्माण गरी कार्यालय सञ्चालन गरिरहेको जग्गाको सम्बन्धमा छलफल गर्दा नापी कार्यालय नवलपरासी (बर्दघाट- सुस्ता पश्चिम) बाट साविक पञ्चनगर गाविस भवन एरियाको रूपमा प्रमाणित फिल्ड वुक कायम भएको अभिलेख यस कार्यालयलाई प्राप्त भएको हुँदा यस नगरपालिकाको नाममा उक्त जग्गाको जग्गा धनी प्रमाण पुर्जा समेत कायम गर्ने गरी आवश्यक प्रक्रिया अगाडी वढाउन नापी कार्यालय नवलपरासी तथा मालपोत कार्यालय नवलपरासीलाई पत्राचार गर्ने निर्णय गरियो ।